लुम्बिनी साँस्कृतिक नगरपालिका

रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ६ | संख्याः २ | मितिः २०७९/११/१४ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्याः २


# आर्थिक सहायता कार्यविधी, २०७९

**प्रस्तावनाः** लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रूपमा प्रवाह गर्न र सहायत प्राप्त गर्नेहरूलाई अनुशासित, जवाफदेही उत्तरदायी बनाई परिणाम हासिल गर्न, लुम्बिनी साँस्कृतिक नगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरूको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

१) आर्थिक सहायता प्रदान गर्न सकिने तपशिलको अवस्थाका व्यक्ति वा नजिकका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा नगर प्रमुखले रु ५०००/- सम्म नगदै वा सो बराबरसम्मको जिन्सी सहायता गर्न सक्नेछ।

क) बिरामी,

ख) अशक्त अपाङ्ग,

ग) परिवारबाट विस्थापित सहाराविहीन बृद्ध, बृद्धा

घ) अति विपन्न व्यक्तिहरू

ङ) प्राकृतकि विपत्ति तथा विपदमा परेका घरबार विहीन व्यक्तिहरू

२) **आर्थिक सहायतता प्रदान गर्ने तरिका**

२.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नेछ।

क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।

ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी अपाङ्ग परिचय पत्र र लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस।

ग) प्राकृतिक विपत्ति तथा विपदमा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र लुम्बिनी साँस्कृतिक नगर कार्यपालकिाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस।

घ) अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरूको हकमा लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस।

ङ) बिरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी। यस्तो कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पुरानो भएमा मान्य हुने छैन। साथै सम्बन्धित डाक्टरले उपचारको लागि लेखि दिएको औषधिहरूका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित लुम्बिनी साँस्कृतिक नगरपालिकाको सामाजिक समितिको सिफारिस तर माथि जुनसुकै कुरा लेखिएको भएता पनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अंग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ। मेडिकल बोर्डको सिफारिससहित सहयोग माग भएको हकमा लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भएबमोजिम बढीमा रु १,००,०००/- सम्म सहयोग उपलब्ध गराउन सकिनेछ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा नगरपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ।

**३) स्वीकृत आर्थिक सहयोगको भुक्तानी**

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले नगर सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाई निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ।

**४) एक व्यक्तिलाई एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि दफा २ को उपदफा 'ग' बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाई एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

**५) विविध**

५.१ बाझिएमा यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलति कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

५.२ कारबाहीः यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारिस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिने छ।

५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः यसअघि यस नगरपालिकाबाट भएका या दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले<br>
भूपेन्द्र पाण्डेय<br>
प्रमुख प्रशासकीय अधिकृत